## सम्झौता

लिखितम काभ्रेपलान्चोक जिल्ला, धुलिखेल नगरपालिका वडा नं. १ बस्ने दिपक उप्रेती (जसलाई यस करारनामामा यसपछि प्रथम पक्ष भनिने छ) एवं काभ्रेपलान्चोक जिल्ला धुलिखेल नगरपालिकामा रहेको काठमाडौं विश्वविद्यालय (जसलाई यस पछि यस करारनामामा द्वितीय पक्ष भनिने छ) का बीचमा निम्न लिखित शर्त वन्देजको अधिनमा रहनेगरी करार ऐन, २०२३ बमोजिम यो करारनामाको कागज गरेका छौं ।

शर्तवन्देजहरु

१. प्रथमपक्षको नाममा काभ्रेपलान्चोक जिल्ला, धुलिखेल नगरपालिका वार्ड नं. १ स्थित गोखुरेश्वरमा ६ कोठा भएको २ तल्ले कम्पाउण्ड सहितको घर र सो घरमा रहेका फर्निचरहरु समेत द्वितीय पक्षले प्रति महीना मासिक रु.१४,०००।– (चौध हजार) बहालमा लिनेदिने कबुल गर्दछौं ।

२. यो करारनामाको अवधि हाललाई १ अगस्त २००२ देखि १ वर्ष अवधिसम्म हुनेछ । दुवै पक्षको सहमतिबाट यो अवधि बढाउन सकिने छ ।

३. सो घरमा रहेको टेलिफोन नं.६३०९२ सम्भौता अवधिसम्म द्वितीय पक्षले उपयोग गर्नेछ ।

४. सो घरमा जडान भएको धारा, विजुली, टेलिफोन महशुल समेत वहालमा लिने पक्षलेनै व्यहोर्नेछ ।

५. यस सम्झौतामा नपरेका कुराहरु गर्नु गराउनु पर्ने भएमा दुवै पक्षको सहमतीद्वारा तय गरिनेछ ।

६. आयकर सम्बन्धी सम्पूर्ण कुरा प्रथम पक्षले नै व्यहोर्ने छ ।

७. घरवहालको भुक्तानी द्वितीय पक्षले ४–४ महिनामा वहालकर कट्टीगरी प्रथम पक्षलाई दिनेछ ।

माथि उल्लेख गरिएका सम्पूर्ण शर्तहरुको पालना गर्न हामी दुवै पक्ष मन्जुर भै किनाराका साक्षीको रोहवरमा यो सम्झौतामा सही छाप गरी एक–एक प्रति दुबै पक्षले लियौ, दियौ ।

ईति संम्वत् २०५९ साल ४ महीना १६ गते रोज ५ शुभम् ।

प्रथम पक्ष

श्री दिपक उप्रेती
काभ्रेपलान्चोक जिल्ला
धुलिखेल नगरपालिका
वडा नं.१

द्वितीयपक्ष

डा.सीताराम अधिकारी
रजिष्ट्रार
काठमाडौं विश्वविद्यलाय
धुलिखेल

साक्षी